का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ चैत २०७८,

बुधबार

6 April 2022,

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नेपालको अर्थतन्त्र संकटतर्फ

नेपालको अर्थतन्त्र सुधारका लागि पुँजीगत खर्च वृद्धि गर्नुपर्ने, विदेशी सहायता उपभोग क्षमताको वृद्धि गर्नुपर्ने अनुत्पादक खर्चलाई घटाउनुपर्ने, फजुल खर्च तत्काल कटाउनुपर्ने र स्पेशल फण्ड क्रिएट गर्नुपर्ने विज्ञहरुको सुझाव छ ।



“राष्ट्र बैंकले अर्थतन्त्रमा निकै ठूलो संकट नै आइसक्यो भनेर कठोर नीति लियो । हामी त यो विषय शुरुदेखि नै लेखिरहेका छौं । अर्थतन्त्रका संकेत राम्रा छैनन्, गम्भीर मोडतर्फ अर्थतन्त्र जाँदैछ भनेर भनेका थियौं ।’

**डा. डिल्लीराज खनाल**
अर्थविद्



“यो संकेत राम्रो होइन । तर, हाम्रो ऋण कम ब्याजदारको छ, अनि लामो समयको छ । नेपालले माइक्रो लभेलको प्लान ल्याएन । अहिले नेपालको श्रीलंका र पाकिस्तानको अवस्था हुन्छ भन्ने होइन । मुद्राको अवमूल्यन गर्ने हो कि भन्ने कुरा आएको छ ।’

**डा. चन्द्रमणि अधिकारी**
अर्थविद्




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ चैत

नेपाल राष्ट्र बैंकले अत्यावश्यक बाहेकका सम्पूर्ण आयातित वस्तुको एलसी बन्द गर्न बैंकहरुलाई निर्देशन दिएपछि नेपालको अर्थतन्त्र धराशायी भएको टिकाटिप्पणी चुलिन थालेको छ । सोमबार २७ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ)हरुलाई बोलाएर राष्ट्र बैंकले गाडी लगायत अन्य विलासिताका वस्तु आयातका लागि एलसी नखोल्न निर्देशन दिएपछि नेपालको अर्थतन्त्रबारे चासो बढेको हो ।

अर्थविद् डा. डिल्लीराज खनाल पछिल्लो समय नेपालको अर्थतन्त्रमा आएको तरलताले आफूहरुले धेरै पहिलेदेखि नै मुलुकमा आर्थिक संकट आउने संकेत गरेका बताएका छन् । ‘अहिले जुन आर्थिक संकट छ, एउटा क्षेत्रमात्रै होइन । पुँजीगत खर्च नहुने, राजश्व जम्मा भएर बस्ने । जुन ढंगले बैकिङ क्षेत्रबाट लगानी भयो । व्यापार घाटा बढ्यो, चालु खाता घाटा छ, धेरै समस्या छ । हिजोमात्रै राष्ट्र बैंकले अर्थतन्त्रमा निकै ठूलो संकट नै आइसक्यो भनेर कठोर नीति लियो । हामी त यो विषय शुरुदेखि नै लेखिरहेका छौं । अर्थतन्त्रका संकेत राम्रा छैनन्, गम्भीर मोडतर्फ अर्थतन्त्र जाँदैछ भनेर भनेका थियौं,’ विश्लेषक खनालले भने ।

सरकारमा रहेका व्यक्तिहरुको गैरजिम्मेवार पूर्ण कदमले संकटोन्मुखतर्फ नेपालको अर्थतन्त्र गइरहेको उनको भनाइ छ । अर्का अर्थविद् डा.चन्द्रमणि अधिकारीले पनि अर्थतन्त्रमा पहेंलो बत्ती बलिसकेको र अब रातो बत्ती बल्ने खतरा बढेको बताएका छन् ।

‘यो संकेत राम्रो होइन । तर, हाम्रो ऋण कम ब्याजदारको छ, अनि लामो समयको छ । नेपालले माइक्रो लभेलको प्लान ल्याएन । अहिले नेपालको श्रीलंका र पाकिस्तानको अवस्था हुन्छ भन्ने होइन । मुद्राको अवमूल्यन गर्ने हो कि भन्ने कुरा आएको छ । यो संकटको बेलामा मुद्रा अवमूल्यन गर्नुहुँदैन,’ अर्थविद् अधिकारीले बताए । नेपालमा अर्थतन्त्रको समस्या श्रीलंकाजस्तो अवस्थामा नपुगे पनि पछिल्लो समय संकेत भने राम्रो नदेखिएको उनको भनाइ छ ।

तर, नबिल बैंकका महाप्रबन्धक मनोज ज्ञवाली भने नेपालको अर्थतन्त्र निराश हुनुपर्ने नभएपनि अप्ठ्यारो परेका बेला सबैले राष्ट्र बैंकको निर्देशन मान्नुपर्ने बताएका छन् । ‘राष्ट्र बैंकले लिखित निर्देशन दिएको होइन, चासो व्यक्त गरेको हो । हामी (बैंकहरू) पनि यसबारे चिन्तित छौं । त्यसैले आयात कम गर्न के गर्न सकिन्छ भन्नेबारे छलफल भएको छ,’ महाप्रबन्धक ज्ञवालीले भने । उनले बैंकहरू आफैंले पनि अर्थतन्त्रमा आएको तरलता अभाव बुझेर निर्णय गर्नुपर्ने बताएका छन् । राष्ट्र बैंकको निर्देशनपछि गाडी लगायत विलासिताका वस्तुको मूल्य बढ्ने देखिन्छ ।

पछिल्लो समयमा तीव्र आयातका कारण सोधानान्तर स्थिति लगातार घाटामा गएको, व्यापारघाटा उच्च भएको र वैदेशिक मुद्राको सञ्चितिमा उच्च दबाब परेको भन्दै राष्ट्र बैंकले बैंकहरुलाई कडा निर्देशन दिएको हो । केही समयअघि अर्थ समितिले बोलाएको बैठकमा बैंकहरुले एलसी रोक्ने नीति लिन सरकारलाई आग्रह गर्दै सो निर्देशन कार्यान्वयन गर्न आफुहरु तयार रहेको प्रतिबद्धता भने गरेका थिए ।

नेपालको अर्थतन्त्र सुधारका लागि पुँजीगत खर्च वृद्धि गर्नुपर्ने, विदेशी सहायता उपभोग क्षमताको वृद्धि गर्नुपर्ने अनुत्पादक खर्चलाई घटाउनुपर्ने, फजुल खर्च तत्काल कटाउनुपर्ने र स्पेशल फण्ड क्रिएट गर्नुपर्ने विज्ञहरुको सुझाव छ । उक्त सुझावलाई सरकारले गम्भीरताका साथ नलिने हो भने नेपालको अर्थतन्त्र धराशायी हुने देखिन्छ ।

# थप सात मुलुकको व्यक्तिगत श्रम स्वीकृतिमा प्रमाणीकरणको शर्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पूर्वी युरोपका सात मुलुकमा व्यक्तिगत श्रम स्वीकृतिमा जाने श्रम स्वीकृति शर्तसहित खुला गरेको छ । क्रोयसिया, अल्वानिया, पोल्याण्ड, स्लोभाकिया, हंगेरी, माल्दोभा र बेलारुसमा व्यक्तिगत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपालीहरू अलपत्र परेको सूचना प्राप्त भएको भन्दै मन्त्रालयले ती मुलुकमा वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति केही दिन अघिबाट स्थगन गरेको थियो ।

मन्त्रालयले ती मुलुकमा रोजगारीमा जान रोकिएको श्रम स्वीकृति पुन: शुरु गरिएको बताउँदै व्यक्तिगत श्रम स्वीकृति लिई जाने प्रक्रियालाई व्यवस्थित गरिएको जनाएको छ । मन्त्रालयले आगामी २०७९ वैशाख १ गतेदेखि व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९ को दफा ३ मा उल्लेख भएअनुसार नेपाली




वैदेशिक रोजगार विशेष

राजदूतावास वा नियोगबाटप्रमाणीकरण भएका मागपत्रमा मात्र श्रम स्वीकृति दिने निर्णय भएको बताएको छ । मन्त्रालयले २०६९ साल भदौ ११ मा व्यक्तिगत श्रम स्वीकृतिसम्बन्धी निर्देशिका जारी गरेको थियो । व्यक्तिगत मागपत्र प्रमाणीकरणको प्रक्रिया अपनाउनुपर्ने राष्ट्रहरुको सूचीमा हाल साउदी अरेबिया, कतार, कुवेत र संयुक्त अरब इमिरेट्स (यूएई) रहेका छन् । मन्त्रालयले उक्त सूचीमा पूर्वी युरोपेली मुलुकहरू क्रोयसिया, अल्वानिया, पोल्याण्ड, स्लोभाकिया, हंगेरी, माल्दोभा र बेलारुसलाई समेत थप गरेको छ ।

मन्त्रालयले विभिन्न म्यानपावर कम्पनी (एजेन्सीहरु)ले संस्थागत श्रम स्वीकृति भन्दा व्यक्तिगत श्रम स्वीकृतिलाई आधार बनाई ठगी गरेको भन्ने उजुरीका आधारमा वैदेशिक रोजगारीमा जान व्यक्तिगत श्रम स्वीकृति लिन चाहने व्यक्तिले रोजगारीका सेवा शर्तलगायत कुनै एजेन्सीबाट नभई व्यक्तिगत पहलबाट भएको व्यहोरासहितको स्व-घोषणापत्र अनिवार्यरुपमा भर्नुपर्ने व्यवस्था गरिएको जनाएको छ ।

यसबाट वैदेशिक रोजगारलाई मर्यादित, व्यवस्थित र सम्मानजनक बनाउने प्रक्रियामा सम्वद्ध सबैको सहयोग प्राप्त हुने अपेक्षा गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

**कसैलाई सर्पले टोकिहालेमा**

- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राजनीतिक दलहरुको रमिता



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ चैत

स्थानीय तह निर्वाचनमा भाग लिने राजनीतिक दलहरुले निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिवद्धता जनाएका छन् । उनीहरुले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउन आवश्यक नियम कानूनको पूर्णपालना गर्ने प्रतिबद्धता जनाएका हुन् ।

२०७९ वैशाख ३० गते हुने स्थानीय तहको निवार्चनका लागि निर्वाचन आयोगले ती दलका प्रतिनिधिलाई मंगलबार आयोगमा आमन्त्रण गरी निर्वाचन आचारसंहितालगायत संविधान, ऐन र कानुनको पूर्ण पालना गर्ने प्रतिबद्धता जाहेर गर्न लगाएको हो ।

प्रतिबद्धता पत्रमा भनिएको छ, ‘नेपालको संविधान, निर्वाचन आयोग ऐन २०७३, राजनीतिक दलसम्बन्धी ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३ र निर्वाचन आचारसंहिता २०७८ मा भएका विभिन्न प्रावधान इमान्दारिताका साथ पालना गर्न/गराउन प्रतिबद्ध छौं ।’

प्रतिबद्ध पत्रमा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य लीलामणि पोखरेल, जनता

– बाँकी पृष्ठ २ मा

एसिड अध्यादेश

# मृत्यु भए एसिड छ्याप्नेलाई जन्मकैद

**दिवाकर अधिकारी/मध्यान्ह**
२२ चैत, काठमाडौं ।

राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न पाँचवटा अध्यादेश जारी गरेकी छन् । मन्त्रिपरिषद्को सिफारिसमा मंगलबार साँझ राष्ट्रपति भण्डारीले यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८, फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ जारी गरेकी हुन् । यस्तै सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश २०७८, तेजाब तथा अन्य घातक रासायनि पदार्थ (नियमन) अध्यादेश २०७८ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) पहिलो संशोधन अध्यादेश, २०७८ जारी भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

**तेजाब आक्रमण गर्नेलाई कडा सजाय**

एसिड (तेजाब) आक्रमण गर्नेहरुलाई कडा सजाय हुने भएको छ । चैत १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले तेजाब आक्रमणविरुद्ध अध्यादेश ल्याउने निर्णय गरेको थियो । अध्यादेशमा एसिड आक्रमणको कारण मृत्यु भएमा आक्रमण गर्नेलाई जन्मकैदको सजाय हुने व्यवस्था छ । अध्यादेशले मुलुकी अपराध संहितामा

– बाँकी पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

A well established foreign employment agency seeking for smart, hardworking & experienced candidates for the following position urgently.

**Labour Representative -1 Nos**

**Qualification:** Minimum +2 Completed
**Work Experience:** Candidates should have knowledge of good English, basic computer also smart & 2-3 Years experienced in related filed. ***Salary and other benifits: Negotiable***

**Wise Intl Nepal Pvt. Ltd.**
Govt. Lic. No. 837/066/067
Dhapashi-7, KTM, Ph. No. 4373351,4373784, 4373807
Email: embassy.wisenepal@gmail.com

# लोकप्रिय मावि 'पढ्दै कमाउँदै' कार्यक्रमका लागि छनौट

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २२ चैत

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत 'पढ्दै कमाउँदै' कार्यक्रमका लागि मनाङको लोकप्रिय माध्यमिक विद्यालय छनोटमा परेको छ। जिल्लाको चामे गाउँपालिका-४ स्थित लोकप्रिय मावि कार्यक्रमका लागि छनोटमा परेको हो। छनोटमा परेका विद्यालयलाई कार्यक्रमअन्तर्गत अनुदान रकम उपलब्ध गराई विद्यार्थीलाई पढ्दै गरेका बेला कमाउने अवसर प्रदान गरिने छ। लोकप्रिय माविमा कृषिसम्बन्धी पढाइ हुने गरेको छ।

पढ्दै कमाउँदै कार्यक्रमका लागि विद्यालय छनोटमा परेको जानकारी दिँदै लोकप्रिय माविका प्रधानाध्यापक कृष्णदास कोइरालाले कार्यक्रमको प्रावधानअनुसार व्यावहारिक रुपमा कार्यक्रमलाई कार्यान्वयन गरिने बताउनुभयो। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कार्यक्रमका लागि सामुदायिक विद्यालयबाट प्रस्ताव माग गरेको थियो। केन्द्रको निर्देशक समितिको बैठकले कार्यक्रमका लागि विद्यालय छनोट गरेको हो। कार्यक्रममा प्राविधिक शिक्षा पढाइने विद्यालयलाई प्राथमिकतामा राखिएको छ। छनोटमा परेका विद्यालयलाई ससर्त अनुदानअन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तहमार्फत अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराउने व्यवस्था गरिएको छ। पढ्दै कमाउँदै विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि २०७८ मा उल्लिखित कार्य प्रक्रियाबमोजिम विद्यालयका लागि बजेट स्वीकृत गरिएको छ। विद्यालयलाई बजेट दुई किस्तामा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

पहिलो चरणमा ५० प्रतिशत र दोस्रो चरणमा कार्य प्रगतिका आधारमा ५० प्रतिशत रकम उपलब्ध गराइने छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत 'पढ्दै कमाउँदै कार्यक्रम' का लागि १४० सामुदायिक विद्यालय छनोट गरेको छ।

## राजनीतिक...

समाजवादी पार्टीका केन्द्रीय कार्यकारीणी समिति सदस्य प्रकाश अधिकारी, नेकपा एकीकृत समाजवादीका महासचिव डा वेदुराम भुसाल, नेकपा एमालेका निर्वाचन विभागका सदस्य बाबुराम दाहाल लगायतका पार्टी नेता तथा प्रतिनिधिले प्रतिबद्धता पत्रमा दस्तखत गरेका छन्।

### गैरजिम्मेवार हर्कत

राजनीतिक दलहरुले प्रतिवद्धता जनाउनु अघि छलफलमा विवाद सिर्जना भयो। छलफलमा निर्वाचन सम्बन्धी जारी आचारसंहिताको विषयमा हस्ताक्षर गर्न दलहरुलाई आयोगले आग्रह गरेको थियो। तर, दलका नेताहरु आचारसंहिताको पूर्णपालनामा प्रतिवद्धता व्यक्त गर्न भन्दा उल्टै आयोगमाथि नै खनिएका थिए।

लोकतन्त्रमा विधि विधाता भनेका उनै दल हुन्। संविधानले नै दलहरुलाई यो देशको शासन प्रशासन संचालन गर्ने संवैधानिक अधिकार दिएको पनि छ। जो संविधान, कानुन, विधि पद्धति मान्ने नै उनै दल भएपनि मंगलबार निर्वाचन आयोगको दृष्य अनौठो देखियो। निर्वाचन आचारसंहितामा दलहरुले जे जस्तो तमासा देखाए, जसले विधिको शासनलाई सायद गिज्यायो।

निर्वाचन आयोगले आचारसंहिता पालनाको प्रतिवद्धतामा हस्ताक्षर गर्न भन्दा दलले उपद्रो गरे। जहाँ आयोगले छलफलै गरेन भन्दै गुनासो मात्रै पोखेनन्, आफै विधाताकोको हैसियत नै गुमाए। आचारसंहिता स्वअनुशासनको तरबार हो, जो जसले दलहरुलाई अनुशासनमा बाँध्ने गर्दछ र हो पनि। तर, मंगलबार आयोग परिसरमा दलहरुले त्यो हैसियत देखाएनन्। बरु उनीहरुले देखाएको तमामासले यो दर्शाउँछकी यो देशको नीति निर्माण तहमा पुग्नेहरु कुन स्तरका रहेछन्। जहाँ आयोगलाई भएभरको दोष दिएर आफूहरु योग्य भएको देखाउने हर्कत गरे। यस्तै बहुजन पार्टीका अध्यक्ष विजेन्द्र पासवानले आफू सद्दे भएको भन्दै आयोगमाथि दोष थोपरे।

आयोगले दलहरुलाई आचारसंहिताको विषयमा बुझाउने प्रयास गर्दै थियो, आयोग आफैमा संवैधानिक निकाय हो। यीनै दलले संविधान र कानूनमा लेखिदिएकै भाव अनुसार नै आयोगले कार्य सम्पादन गर्दछ। तर दलले आयोगप्रति यतिधेरै गैरजिम्मेवारपन मंगलबार देखाए कि जसले दलीय अराजकतामा मात्रै छरपष्ट भएन, उनीहरु आयोग जस्तो संवैधानिक अंगलाई पनि नजर अन्दाज गर्दछन् भन्ने थप प्रष्ट्याएको छ, मंगलबारको घटनाले।

आचारसंहिताको विषयमा आयोगाले बुझाउँदै थियो, तर, बुझ्नु न सुझ्नु भने झैं दलहरु आयोगप्रति रोष व्यक्त गरे। यस विषयमा आयोगले राजपत्रमा प्रकाशित गरेको थियो। यतिमात्रै होइन, दलहरुको परामर्शमा आचारंसहिता बनाएको थियो। जहाँ दलहरुले सुझाव दिएका थिए, त्यसैको पृष्ठभूमिमा आयोगले स्थानीय निर्वाचन आचारसंहिता बनाएको थियो। दलहरुकै परामर्शमा आयोगले निर्वाचन सम्बन्धी छलफल गरेको छ। त्यसैको आधारमा आचारसंहिता बनेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए।

## एसिड...

एसिडसम्बन्धी अन्य कारबाहीलाई समेत परिमार्जन गरी दोषीलाई थप सजाय हुने व्यवस्था गरेको छ।

आँखा, कान, नाक, मुख, अनुहार महिला भए स्तन र यौनाङ्गमा भएको क्षतिअनुसार १० देखि २० वा २० वर्षको कैद सजाय तोकिएको छ भने एसिड आक्रमण गर्दा सम्वन्धित व्यक्तिलाई नलागेमा 'तेजाब आक्रमण गरी अंगभंग गर्ने उद्योग'मा मुद्दा चलाइनेछ र कसुर प्रमाणित भएमा १० वर्षसम्म कैद सजाय हुनसक्छ।

यस्तै, दुबै आँखा जली वा क्षति भई पूर्ण रुपमा दृष्टि नष्ट भएमा, दुबै कानको जाली वा क्षति भई सुन्ने शक्ति पूर्ण रुपमा नष्ट भएमा, नाक जले वा क्षति भई काम नलाग्ने भएमा, अनुहार पूर्ण रुपमा जली वा क्षति भई कुरुप भएमा, महिला भए दुबै स्तन जली वा क्षति भई काम नलाग्ने भएमा वा कसैको यौनाङ्ग जली वा क्षति भई नासिएमा यस्तो गर्ने गराउनेलाई २० वर्ष कैद र १० लाख जरिवाना हुने व्यवस्था राखिएको छ।

एउटा, आँखा, एउटा कान, जली वा क्षति भई काम नलाग्ने भएमा, आंशिक रुपमा अनुहार जली वा क्षति भई कुरुप भएमा, महिला भए एउटा स्तन जली वा क्षति भई काम नलाग्ने भएमा, दुबै हात जली काम नलाग्ने भएमा वा दुबै गोडा पूर्ण रुपमा जलेर काम नलाग्ने भएमा, टाउकोको कुनै भाग जली क्षति भएमा वा मेरुदण्ड जली वा क्षति भई काम नलागने भएमा १० देखि २० वर्षसम्म कैद र ७ लाखदेखि १० लाखस्म्म जरिवाना हुनेछ।

शरीरको अन्य कुनै अंगभंग वा शारीरिक क्षति भएमा कसूरको प्रकृति बमोजिम पाँच वर्षदेखि दश वर्षसम्म कैद र एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

एसिड आक्रमण गर्दा सम्बन्धित व्यक्तिलाई नलागेमा पनि उद्योग गरेको मानिनेछ र १० वर्षसम्म कैद र ५ लाखसम्म जरिवाना हुनेछ।

अध्यादेशअनुसार एसिड आक्रमणबाट पीडितको तत्काल मृत्यु नभई सोही कामको परिणाम स्वरुप पछि मृत्यु भएमा ज्यान मारेको मुद्दा लाग्नेछ भने शरीरका कुनै असर भए त्यसअनुसार कसूर भएको मानेर मुद्दा चलाइने समेत उल्लेख छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले अध्यादेशले एसिड आक्रमणमा परेकाहरुको निःशुल्क उपचार सुनिश्चित गरेको जानकारी दिइन्। मन्त्री रेग्मीका अनुसार पीडितहरुका नाममा सहयोग उठाउन समेत रोक लगाएको छ।

'एसिड आक्रमण गर्ने र एसिड आक्रमणको प्रयास गर्ने समेतलाई कडा सजाय हुने व्यवस्था गरिएको छ। आक्रमणमा परेकाहरुको निःशुल्क उपचार सुनिश्चित गरिएको छ' मन्त्री रेग्मीले भनिन्।

**ग्याड ट्राभल एण्ड टुर्स प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६९/११/०२ मा दर्ता भएको **ग्याड ट्राभल एण्ड टुर्स प्रा.लि.(दर्ता नं. १०९७२७)** को मिति २०७८/१२/१५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/११/२६ मा दर्ता भएको **प्रा.लि. नं. ६1004** को **दुर्गा लक्ष्मी ग्याँस उद्योग प्रा.लि.** को मिति २०७८/१२/२२ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

## Kerabari Rural Municipality
## Office of the Rural Municipal Executive

**Kerabari Morang**
**Province 1, Nepal**

### Invitation for Bids

**Date of publication: 2078/12/22**

1. The Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang invites sealed quotations for the Procurement of Goods and Work Mention below .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang. Tel:021-403110, Email:kerabariruralmun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from EGP System i.e www.bolpatra.gov.np by eligible Bidders with necessary document and upon payment of a non-refundable fee of **Rs. 1000.00** before bid submission time and date through bank account,account number mention below.
   [Only electronic bid is allowed, "Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   Name of the Bank : NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality.
   **Office Account no. : 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no. :0562056501423008 (for Bid Security for Cash Deposit)**
4. Sealed bids must be submitted to the office Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang through e-GP system i.ewww.bolpatra.gov.np/egp] on or **before [12:00] PM on [9th Baishak 2079 BS ].** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **[1:00] PM on [9th Baishak 2079 BS ]**. at the office of Kerabari Rural Municipality, Office of the Rural Municipal Executive Kerabari Morang . Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum mention below, which shall be valid for 30 days beyond the validity period of the bid .i.e. **21st Asar 2079 B.S.**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract ID | (Goods/Work) Description | Estimated Amount Including VAT& PS | Bid Security |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/G/SQ-17(078/079) | Procurement & Delivery of Different Sized HDPE pipes along with fittings of Kerabari RM ward -05 & 09 . | NRs.19,31,779.18 | NRs.51,000 |
| 2 | KRMC/MOR/W/SQ-18(078/079) | River Training work on Khadam River Upstream West side Kerabari RM-07 | NRs.15,81,657.03 | NRs .40,000 |
| 3 | KRMC/MOR/W/SQ-19(078/079) | River Training work on Khadam River Upstream East side Kerabari RM-10 | NRs.19,89,033.42 | NRs .50,000 |

**Chief Administrative Officer**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**(सूचना प्रकाशित मितिः २०७८।१२।२३)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएको बोलपत्रको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहि भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनको लागि सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक (मू.अ.कर.सहित) |
|---|---|---|---|
| URL-DhimalSan-grahalay-Bldng-W-NCB-03-078/79 | Dhimal Samudayik San-grahalay Adhuro Bhawan Nirman, ward -8 | श्री भिमेश्वर कन्स्ट्रक्सन प्रा.ली., विराटनगर मोरङ्ग। | २१,०१,४४७६१ |

**प्रमुख प्रसासकिय अधिकृत**

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोका, बाख्रा खरीद सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०७८।१२।२३**

नेपाल सरकार विशेष अनुदान अन्तर्गत कोहलपुर नगरपालिकाले आ.व.२०७८।०७९ मा संचालन गर्नुपर्ने गन्धर्व तथा वादी समुदायको आयआर्जन कार्यक्रमका लागि लाभग्राहीहरुलाई बाख्रा र बोका वितरण कार्यका लागि शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा बाख्रा र बोका खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त व्यक्ति, समुह, सहकारी, फर्म तथा कम्पनीहरुबाट रितपूर्वक दरभाउपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र खरिद गर्न चालु आ.व.का लागि नविकरण भएको इजाजत पत्र, दर्ता र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि निवेदन साथ दस्तुर (फिर्ता नहुने) तिरी इच्छुक दरभाउपत्रदाताले मिति २०७९।०१।०७ गते सम्म वा सो दिन बिदा परेमा अर्को दिन कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र सम्बन्धि थप शर्त तथा प्रावधानको बारेमा https://www.kohalpurmun.gov.np/ मा विस्तृत रुपमा हेर्न सकिनेछ ।

**कामको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | संख्या | अनुमानित रकम | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BANKE/KOMUN/G/SQ-27/2078/079 | बाख्रा खरिदः स्थानिय खरी, बारबरी, अजमेरी क्रस, जमुनापारी, बोयरक्रस आदि । | १७० वटा | १८,७०,०००।- | १,०००।- | |
| २ | BANKE/KOMUN/G/SQ-28/2078/079 | बोका खरिद : बारबरी, अजमेरी क्रस, जमुनापारी, बोयरक्रस आदि । | २० वटा | ८,००,०००।- | १,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

## श्री वैजनाथ माध्यमिक विद्यालय, जडेपानी

**वेदकोट न.पा. २, कञ्चनपुर**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/१२/२३)**

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको मिति २०७८/१०/२१ गते प्रकाशित देहायमा उल्लेखित कार्यको बोलपत्र सूचना अनुसार तपशिल बमोजिमको निर्माण व्यवसायीले पेश गरेका बोलपत्रहरु न्यूनतम रुपमा मूल्याकिंत तथा सारभुत रुपमा प्रभावग्राही भई नगर पालिकाको बोलपत्र मूल्याकंन समितिको मिति २०७८/१२/२१ गतेको बैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफ २७ को उपदफा २(१) को प्रयोजनाका लागि सम्बन्धित सबैको जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र कन्टेन्जेन्सी र पी.यस. बाहेक) |
|---|---|---|---|
| २१/MSBC/2078/079 | वैजनाथ मा.वि.जडेपानीको कोठे भवन निर्माण गर्ने कार्य, वेदकोट न.पा. २, कञ्चनपुर। | श्री बाबा हुनैनाथ दार्चुला कन्स्ट्रक्सन, भीमदत्त ४ कंचनपुर । | रु. ५५,८९,०२१/२४ |

**थिरेंद्र चन्द्र भट्ट**
**प्रधानाध्यापक**

### इटहरीमा बजार अनुगमन

# डिलरमा ग्यास अभाव, कम्पनीमा छ्यापछ्याप्ती भेटियो

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २२ चैत



खाना पकाउने एलपी ग्यासको चरम अभावसँगै बजारमा कालोबजारी फस्टाएको जनगुनासो बढ्न थालेपछि इटहरीमा बजार अनुगमन गरिएको छ।

राष्ट्रिय उपभोक्ता मञ्च सुनसरीको नेतृत्वमा इटहरीको ग्यास डिलरहरूमा छड्के अनुगमन गरिएको हो।

टोलीले इटहरीको ६ वटा ग्यास डिलरहरू अनुगमन गरेको थियो। अधिकांश डिलरहरूमा खाली सिलिण्डर मात्र भेटिएका थिए भने जय महादेव भाडा पसलमा ६ वटा भरिएका सिलिण्डर गोदाममा राखिएको अवस्थामा भेटिएको थियो। बजारमा ग्यास अभावसँगै व्यवसायले कालोबजारी गरेको वा भरिएको सिलिण्डर लुकाएर बेच्ने गरेको गुनासो आएपछि छड्के अनुगमन गरिएको राष्ट्रिय उपभोक्ता मञ्च सुनसरीका कार्यवाहक अध्यक्ष पूर्ण राईले मध्यान्हलाई बताए।

उनले बजारमा खाद्यान्न लगायत उपभोग्य बस्तुहरूको कालोबजार हुन नदिन मञ्चले बेला-बेला छड्के अनुगमन पनि गर्ने गरेको जानकारी गराए।

**कम्पनीमा छ्यापछ्याप्ती ग्यास**

बजारमा खाना पकाउने एलपी ग्यासको अभाव देखिएपनि कम्पनीहरूमा भने प्रशस्त मात्रामा रहेको पाइएको छ। सुगम ग्यास कम्पनीका अनुसार बजारमा हल्ला फैलिए जस्तो अभाव नदेखिएको बताएको छ। कम्पनीमा अझैंपनि १ सय ३० मेट्रिक टन भन्दा बढी ग्यास रहेको बताइएको छ। त्यस्तै अन्य ग्यास कम्पनीहरूमा पनि बजारमा चलेको हल्ला जस्तो ग्यास अभाव नदेखिएको ग्यास कम्पनीहरूलाई उदृढ गर्दै सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझिले बताए।

**नविकरण नगरी व्यवसाय सञ्चालन**

अनुगमनको क्रममा इटहरी बजारको कुनैपनि डिलरहरूले ग्यास लुकाएर राखेको नपाइएपनि धेरैजसोले व्यवसाय नविकरण नगरी सञ्चालनमा गरेको प्रमाणहरू फेला परेका छन्। अनुगमनकै क्रममा २ वटा ग्यास डिलरलाई एक हप्ताभित्र जिल्ला प्रसाशनको कार्यालय सुनसरीमा आवश्यक कागजातसहित उपस्थित हुन प्रसाशनले पत्र थमाएको छ।

इटहरीको हटियालाइनस्थित सञ्चालन हुँदै आएको सञ्जिव भाडा पसलले ब्यवसाय दर्ता नै नगरी सञ्चालनमा ल्याएको पाइएपछि पसलका सञ्चालक सञ्जिप कुमार चौधरीलाई एक साताभित्र आवश्यक कागजातसहित उपस्थित हुन प्रशासनले पत्र थमाएको छ।

उनले जय महादेव भाडा पसलको कागजात देखाएर अनुगमन टोलीलाई झुक्याउने प्रयास गरेका थिए। त्यस्तै जयदेव भाडा पसलका सञ्चालक दिनेश चौधरीलाई पनि आवश्यक कागजातसहित एक हप्ता भित्र कार्यालयमा उपस्थित हुन प्रशासनले पत्र काटेको छ। उनले अनुमति नलिइ ग्यास डिलर राखेको पाइएपछि राजस्व छली गरेको ठहरसहित प्रशासनमा उपस्थित हुन पत्र काटिएको छ।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझि, उद्योग वाणिज्य संघ इटहरीका सदस्य खगेन्द्र बिमली, इलाका प्रहरी कार्यालय इटहरी, इटहरी उपमहानगर, पत्रकार र घरेलु तथा साना उद्योगका प्रतिनिधिको उपस्थिति रहेको थियो।

# एमालेको सूर्यमा ग्रहण लागिसक्यो : अध्यक्ष नेपाल

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २२ चैत



नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले आगामी निर्वाचनमा गठबन्धनका साझा उम्मेद्वारले जित्ने दाबी गरेका छन्। मंगलबार कपिलवस्तुको शिवराज नगरपालिका-२ मा भएको कार्यक्रममा पाँच दलीय गठबन्धनको निरन्तर छलफल भइरहेको बताउँदै उनले सबै दलहरू गठबन्धनप्रति सकारात्मक रहेको बताए।

अध्यक्ष नेपालले समाजवादीप्रति जनताको आकर्षण देखेर विपक्ष दलहरू बरबराउन थालेको बताए। गत निर्वाचनमा जनताले विश्वास गरेर जिताएको पार्टीले संविधान मास्ने तथा हावादारी गफ गरेर जनतालाई अलमलमा पारेको आरोप लगाए। नेकपा एमालेको सूर्यमा ग्रहण लागेको बताउँदै पूर्वप्रधानमन्त्री समेत रहेका नेपालले अब कलमलाई विश्वास गरेर मतदान गर्न अपिल गरे। एकीकृत समाजवादी समाजवादको दिशामा अगाडि बढेको बताउँदै न्याय, सत्य र परिवर्तनको लागि काम गर्न नेता कार्यकर्तालाई आग्रह गरे। कपिलवस्तुलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नुपर्ने बताउँदै उनले प्रशस्त पर्यटक भित्र्याउन सके नागरिकहरू आत्मनिर्भर बन्न सक्ने उनको विश्वास थियो।

एक सय रुपैयाँबाट शुरु गरेका वृद्धाभत्ता अब मासिक ५ हजार पुर्‍याउने दाबी गर्दै उनले कतिपय नक्कली व्यक्तिले वृद्धाभत्ता आफूले शुरु गरेको भनेर जनतामाझ अफवाह फैलाएको बताए।

कार्यक्रममा कपिलवस्तुका नेता डा. मन्जुर खाँलाई प्रवेश गराउँदै अध्यक्ष नेपालले पार्टीलाई थप मजबुद बनाउन सबै लाग्नुपर्ने बताए।

कार्यक्रममा एकीकृत समाजवादीमा सचिव भागवत विश्वासीले एमालेले जनतालाई घात गरेको बताए। केपी ओलीले संविधान मिचेर संसद् विघटन गरेर जनताको मतलाई अपमान गरेको उनको आरोप थियो।

लुम्बिनी प्रदेश अध्यक्ष मेटामणी चौधरीले केपी ओलीको प्रवृत्तिलाई जनताले अस्वीकार गरेको बताए। अंहकार र प्रतिगमनले देश र जनताको पक्षमा काम गर्न नसक्ने बताउँदै नागरिकहरू सचेत हुनुपर्ने उनको भनाइ थियो।

पार्टी प्रवेश कार्यक्रममा २०६४ सालको संविधान सभा निर्वाचनमा तराई मधेश लोकतान्त्रीक पार्टीबाट निर्वाचन क्षेत्र नम्बर ५ बाट झिनो मताअन्तरले पराजित डा.मन्जुर खाँ, प्रभावशाली नेता अब्दुल हक लगायतको नेताहरु एकीकृत समाजवादी प्रवेश गरेका छन्।

# हिमाल सफाइ अभियानका टोली संयोजकलाई ब्यानर



**काठमाडौं/मस-** प्रधानसेनापति प्रभुराम शर्माले 'सफा हिमाल अभियान २०७८' का टोली संयोजकलाई नेपालको झण्डासहितको ब्यानर हस्तान्तरण गरेका छन्।

सैनिक मुख्यालय जङ्गी अड्डामा मंगलबार आयोजित समारोहमा उहाँले सगरमाथा, कञ्चनजंघा, मनास्लु र ल्होत्से हिमाल सफाइ अभियानका टोली संयोजकलाई ब्यानर हस्तान्तरण गरेका हुन्।

नेपालका प्रसिद्ध हिमाल आरोहण गर्ने क्रममा छोडिएको फोहर संकलन गरी हिमालको सुन्दरतालाई जीवन्त दिने उद्देश्यले सेनाले सन् २०१९ देखि हिमाल सफाइ अभियान सञ्चालन गर्दै आएको छ।

यस वर्षको हिमाल सफाइ अभियान मुख्यरुपमा ५५ दिन अर्थात् मंगलबारदेखि जेठ २२ गतेसम्म सञ्चालन हुने र त्यसका लागि सेनाका ३० जनशक्तिसहित ९२ जना परिचालित हुनेछन्।

अभियानबाट ३५ टन फोहर संकलन गर्ने लक्ष्य लिइएको छ। हिमाल सफाइ अभियानलाई जटिल, चुनौतीपूर्ण र सहासिक कार्यका रुपमा लिने गरिएको छ।

सो अवसरमा प्रधानसेनापति शर्माले सेनाले ४० वर्षदेखि प्रकृति संरक्षण र पर्यावरण जोगाउने काममा निरन्तर काम गरिरहेको बताए। नेपाली सेनाका नौ हजारभन्दा बढी जनशक्ति प्राकृतिक संरक्षणका लागि मुलुकका विभिन्न क्षेत्रमा तैनाथ छन्।

पर्यटन विभागका महानिर्देशक तारा लुइँटेलगायतले नेपालको जैविविविधताको संरक्षण र सम्वर्द्धनमा सेनाबाट हुँदैआएको योगदान महत्वपूर्ण रहेको बताए।

# जाडोमा वितरण गर्ने सिरक र कम्बल गर्मी मौसममा वितरण !

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा २२ चैत



तराई मधेशमा चर्को घामले यतिबेला गर्मी बढेको छ। गर्मीले सर्वसाधारणलाई सकस बनाएको छ। गर्मी छल्न सर्वसाधारणहरु पंखा, एयर कन्डिसन, कुलर, रुख वृक्षलगायतका छहारी खोज्न थालेका छन्।

तर गर्मीका बेला पनि सिरहाको नरहा गाउँपालिकाले भने सिरक र कम्बल वितरण गरेको छ।

स्थानीय तहहरुमा देखिएको चुनावी सरगर्मीसँगै गर्मीको मौसममा पनि नरहा गाउँपालिकाले सिरक र कम्बल वितरण गरेको हो। गाउँपालिकाले ५० लाखमा किनेको १५ सय फाईबरको सिरक वितरण गरिरहेको छ। गएको बिहीबार नरहा गाउँपालिका वडा नम्बर ३ का स्थानीयहरुलाई पूर्व कानून न्याय तथा संसदीय मामिला मन्त्री समेत रहेका एमालेका नेता लीलानाथ श्रेष्ठले सिरक वितरण गरे। अन्य स्थानीय तहहरुले जाडोबाट छल्न सिरक र कम्बल मंसिर पुस महिनामै वितरण गरिसकेका छन्।

तर नरहा गाउँपालिकाले भने जाडो छल्न हिउँदमा चाहिने कम्बल अहिले गर्मी याममा बाँडेर मतदातालाई रिझाउँदैछ। पूर्व मन्त्री श्रेष्ठले मतदाता फकाउनको लागि जाडोमा वितरण गर्नुपर्ने बाक्लो कम्बल गर्मीमा आएर बाँड्न थालेको आरोप समेत लागेको छ।

विभिन्न स्थानीय तहहरुले पुसको जाडोमा न्यानो कम्बल बाँडेपनि नरहा गाउँपालिकामा पूर्व मन्त्रीसमेत रहेका श्रेष्ठले चर्को गर्मीमा फाइवरको सिरक वितरणलाई सर्वसाधारणले विभिन्न खाले टिकाटिप्पणी गरेका छन्।

## बाँकेका अग्नी पीडितलाई त्रिपाल र नगद सहयोग



**गणेश रावत/मध्यान्ह**
कोहलपुर,चैत २२

बाँकेको नरैनापुर गाउँपालिका वडा नं.४ स्थित कृष्णनगर गाउँका अग्नी पीडित राहत वितरण गरिएको छ। सोमबार दिउँसो आगलागी हुँदा १६ घर गोठ जलेर नष्ट भएका थिए। घरगोठ जलेर नष्ट भएका अग्नी पीडित घरपरिवारलाई नरैनापुर गाउँपालिकाले त्रिपाल, थाल, खाद्यान्न लगायत राहत वितरण गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भरत बस्नेतले बताए। उनका अनुसार आगलागीबाट मानवीय क्षति नभएपनि घरगोठ जलेका कारण स्थानीयवासीलाई घरबासको समस्या नहोस् भनेर तत्काल त्रिपाल वितरण गरिएको हो।

त्यस्तै जिल्ला विपद व्यवस्थापन समिति बाँकेले प्रति परिवार नगद १५ हजार नगद वितरण गरेको बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले जानकारी दिए।

नेपाल रेडक्रस सोसाइटीले गैह्रखाद्य सामग्री सेट, १ थान कम्बल वितरण गरिएको खत्रीले बताए।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाण्डौंको**
**सूचना**
**प्रकाशित मितिः २०७८/१२/२३**

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **एस.आर.के. नेपाल प्रा.लि.(इ.प.नं. ११५६)**को साविक कम्पनीको नाम परिवर्तन गरी श्री **एस.आर.के. ओभरसिज नेपाल प्रा.लि.** कायम गर्न माग भई आएकाले उक्त प्रा.लि.को माग बमोजिम नाम परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नुहुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**QATAR मा रोजगारको अवसर**

कम्पनीः AL MAJED GROUP — शहरः Doha
पूर्व स्वीकृत मितिः २०७८/१२/२१ — चलानी नं.: ६०१७७३२० — L.T. No.: 260640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Keeper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६२,७१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Laborer | 5 | 0 | | 1000 | ३३,०१० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1700 | ५६,११७ | | | | | | | |
| 4. | Hotel Services | 8 | 0 | | 1500 | ४९,५१५ | | | | | | | |
| 5. | Foreman | 3 | 0 | | 2500 | ८२,५२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ३० गते (13 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**H. R. WORLD SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १४१३/०७४/०७५
Old Baneshowr -9 Kathmandu. Contact No: 4465793, 9807906144

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**

**अन्लाइन सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/०६**
**दोस्रो पटक प्रकाशित मिति २०७८/१२/२३**

यस नगरपालिकाको वडा नं. ७ को योजना **कृष्ण मार्ग पेवर्स बिछ्याउँने कार्य** अन्तर्गत सो बाटोमा इन्टिरलकिङ ब्लक निर्माण गर्ने कार्य बोलपत्रको माध्यमबाट गर्नका लागि पुनः अन्लाइन सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। बिस्तृत सूचना, सर्तहरु तथा बोलपत्र फारम वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ। दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७९/०१/०८ तदनुसार २१ अप्रिल २०२२ मध्यान्ह १२ बजे भित्र तथा बोलपत्र खुल्ने मिति २०७९/०१/०८ दिउँसो १२:३० बजे।

| सि.नं. | सिलबन्दी दरभाउपत्रको बिबरण | ल.इ. रकम (भ्याट र पियस बाहेक) | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १ | कृष्ण मार्ग पेवर्स बिछ्याउँने कार्य (Kanakai/SQ/Works/1/078-79) | रु १७,२७,६७७।४६ | रु ५०,०००।०० | रु १,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रदेश सरकार**
**उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशानालय**
**डिभिजन वन कार्यालय**
**त्रिवेणी, उदयपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/१२/२३ गते**

यस कार्यालयबाट मिति २०७८/१०/०५ गतेको नागरिक दैनिक समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको सूचना नं. को बोलपत्रको रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको सिफारिश अनुसार देहाय उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा १,२ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (PS सहित मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | DFO/Triveni/Udayapur/NCB/Works/01-2078/79 | Construction Of Division Forest Office Building, Katari, Udaypur(Triveni) | K.N. Construction And Suppliers, Katari-3, Udayapur. | १३,८०,९३९।८६ (तेह्र लाख अस्सी हजार नौ सय उनन‍चालीस र छयासी पैसा मात्र) |
| 2. | DFO/Triveni/Udayapur/NCB/Works/02-2078/79 | Construction Of Boundry Wall Sub Division Forest Office, Udaypurgadhi Rural Municipality, Nepaltar,Udaypur | Jameer Construction Pvt. Ltd, Murkuchi-7, Rautamai, Udayapur. | ९,९९,२९४।९८ (नौ लाख उनान्सय हजार दुई सय चौरान्नब्बे र अन्ठान्नब्बे पैसा मात्र) |

**बीमालेख हराएको सूचना**

यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दाबी गर्न नआएमा निजको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ।

**तपसिल**

| बीमालेख नं. | बिमितको नाम | ठेगाना |
|---|---|---|
| ११२०१२१७१ | श्री रमेश पराजुली | पाल्लेखेल गा.वि.स.- ३, स्याग्दी |

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोन: ४४१४७९९, फ्याक्स: ९७७-१-४४३५६३३, वेभ: www.nationallife.com.np

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.







**तालिमपछि रोजगारको ग्यारेन्टी**

Best in the KTM — VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ चैत २०७८, बुधबार
6 April 2022, Wednesday

## सम्पादकीय

# अल्पमतको शासन !

सामान्यतः नागरिकले नागरिकका लागि गरिने शासन प्रणालीलाई लोकतन्त्र भनिन्छ । अझ बहुदलीय व्यवस्था र आवधिक निर्वाचन प्रणालीलाई लोकतन्त्रको उन्नत प्रणाली मानिन्छ । संसारभर यो प्रणाली बढी प्रचलित छ । कतिपय मुलुक राजतन्त्रात्मक व्यवस्थामै छ । तर राजतन्त्रात्मक प्रणाली लगातार ढलिरहेको छ । त्यसबाहेक एक दलीय प्रणाली कम्युनिष्ट शासन व्यवस्था भएका मुलुकहरूमा अभ्यासमा छ । हाम्रो उत्तरी छिमेक चीनमा चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को एकल शासन छ । स–साना दलहरूले मुलुकको नेतृत्व गर्नेगरी प्रतिश्पर्धा पाउने अवस्था छैन । तर दक्षिणी छिमेक भारत र अमेरिका लगायत ठूलो संख्याका देशहरूमा बहुदलीय प्रणाली कायम छ । नेपालमा पनि लामो राजनीतिक संघर्षपछि राजतन्त्रको अन्त्य गरेर गणतन्त्रात्मक बहुदलीय लोकतन्त्र अभ्यामा आएको छ ।

गणतन्त्रात्मक लोकतन्त्रमा बहुदलीय व्यवस्था र आवधिक निर्वाचन अनिवार्य सर्त हुन् । त्यही संवैधानिक अनिवार्य सर्त बमोजिम आगामी ३० वैशाखमा स्थानीय चुनाव हुँदैछ भने मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाले पाँच वर्षे कार्यकाल पूरा गर्दैछ । आवधिक निर्वाचनमा मतदाताले आफ्ना प्रतिनिधि परिवर्तन गर्ने वा पुरानैलाई निरन्तरता दिने गर्छन् । योग्यता पुगेका नागरिकले उम्मेद्वारी दिएर जनप्रतिनिधि बन्न सक्ने अधिकार संविधानले सुनिश्चित गरेको छ । तर आमरूपमा प्रचलित प्रक्रिया भने कुन दलले कस्तो उम्मेद्वार तय गर्छन् भन्ने आधारमा स्थानीय, प्रदेश र संघमा प्रतिनिधि तय हुन्छन् । यस्तो प्रणालीमा बहुमत ल्याउने उम्मेद्वार वा दलले शासनसत्ता सञ्चालनको आवधिक अख्तियारी पाउँछन् ।

तर गणतन्त्रात्मक बहुदलीय लोकतन्त्र अभ्यासको आरम्भमै प्रशस्त कमजोरी देखिन थालेको छ । त्यसैपनि संसदीय अभ्यासको औपचारिक लोकतन्त्रमा सधैं अल्पमतले शासन गर्ने परिस्थिति बन्दो रहेँछ । कुल मतदाताको ५० प्रतिशत नपुगेपनि बढी मत ल्याउने उम्मेद्वार जनप्रतिनिधि बन्दा बहुमत चाहिँ प्रतिपक्षी भूमिकामा रहन्छन् । तर यसको अर्को विकल्प पनि सजिलो छैन । पूर्ण समानुपातिक व्यवस्थालाई विकल्पका रूपमा लिने विकल्पमा पनि दलप्रतिकै अविश्वासका कारण आशंकाले हेरिएको छ । किनभने दलको नेतृत्वले मनपरी प्रतिनिधि तोक्ने कमजोरी यो प्रणालीमा हुने खतरा रहन्छ । संविधानले पनि पूर्ण समानुपातिक प्रणाली नभनेकाले तत्काललाई हामीले भएकै व्यवस्थामा सुधार ल्याउन जरूरी छ । त्यो भनेको कम्तिमा राम्रो जनप्रतिनिधि चयन गरि नुपर्छ । बढी मत ल्याएर जनप्रतिनिधि बन्नु प्राविधिक कुरा मात्रै हो, लोकतन्त्रमा सबै नागरिकको सम्मान हुनुपर्छ भन्ने तथ्यबोध हुनुपर्छ । निर्वाचन मतदाताले निर्णय लिने समय पनि भएकाले त्यस्ता जनप्रतिनिधि चयनबारे पर्याप्त छलफल गरिन आवश्यक छ ।

# वर्तमान राजनीति र क्रान्तिकारीको कार्यभार

*यो बेला क्रान्तिकारी कम्युनिष्टहरूले तात्कालिकरूपमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर एकल तथा संयुक्तरूपमा संघर्षलाई विकसित तुल्याउँदै जानु पर्दछ भने दीर्घकालीन रूपमा वर्तमान सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनार्थ क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।*

**अग्रलेख**



● मोहन वैद्य 'किरण'

आज विश्वमा विभिन्न अन्तर्विरोधहरूका साथै साम्राज्यवादी शक्तिहरूका बीच अन्तर्विरोध चर्कंदै गएको छ र त्यसको शिकार कमजोर देशहरू बन्दै गएका छन् । सन् १९९१ मा सोभियत संघबाट अलग्गिएको युक्रेनमाथि रूसी साम्राज्यवादले भीषण सैन्य आक्रमण गरेको छ र अहिले युक्रेनको राष्ट्रिय स्वाधीनतामाथि नै गम्भीर खतरा पैदा भएको छ । युक्रेनको यो अवस्था हुनु अमेरिकी साम्राज्यवाद र रूसी साम्राज्यवादका बीचको अन्तर्विरोधको परिणाम हो । अमेरिकाले नेटो सदस्य देशहरूको साथमा आउन युक्रेनलाई उक्साउँदै आएको थियो भने रूसले युक्रेन नेटोको सदस्य भएको देख्न चाहँदैनथ्यो । अन्त्यमा, जब युक्रेनले नेटोमा जाने इच्छा जाहेर गर्‍यो, त्यो रूसका लागि सह्य भएन । यस परिघटनामा दीर्घकालीन दृष्टिले हेर्दा अमेरिकी साम्राज्यवाद नै मुख्य दोषी देखिन्छ भने तत्कालीन दृष्टिले यसरी एक स्वतन्त्र मुलुक युक्रेनमा आक्रमण गर्नुमा रूस नै दोषी देखिन्छ । यस स्थितिमा रूसी आक्रमण र अमेरिकी उक्साहट दुवैको विरोध गर्दै दुवै साम्राज्यवादको हस्तक्षेप र दबावबाट मुक्त स्वतन्त्र र सार्वभौम मुलुकका रूपमा बाँच्न पाउने युक्रेनको अधिकारलाई हामीले सम्मान गर्ने नीति अवलम्बन गर्नु पर्दछ । साथै, युक्रेन युद्धका सन्दर्भमा शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारद्वारा एकपक्षीय रूपमा रूसको विरोध र अमेरिकाको दलाली गरिएको विषय देशको असंलग्न परराष्ट्र नीतिका विरूद्ध देखिन्छ ।



आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । यो बेला तत्कालिक रूपमा साम्राज्यवाद बलियो र सर्वहारा वर्ग कमजोर देखिए पनि दीर्घकालीनरूपमा साम्राज्यवाद कमजोर र सर्वहारा वर्ग बलवान बन्दै जाने सुनिश्चित छ । अहिले, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय केन्द्र बनाउने काममा आवश्यक पहल हुँदै आएको छ र त्यस दिशामा हामीले आफ्नो पहललाई अझै बढाउनु जरूरी छ ।

अर्ध-औपनिवेशिक, अर्ध-सामन्ती तथा नव-औपनिवेशिक अवस्थामा रहिआएको नेपालमा राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको हातमा छ भने शासन सत्ता संसदीय लोकतान्त्रिक गणतन्त्रमा आधारित छ । देशको शासन सत्तामा उक्त वर्गको प्रतिनिधित्व, सेवा तथा संरक्षण गर्ने राजनीतिक दलहरूले सञ्चालन गर्दै आएका छन् ।

गत कालमा झण्डै दुई-तिहाई बहुमतका आधारमा बनेको कम्युनिस्ट नामधारी डबल नेकपा पद, प्रतिष्ठा तथा व्यक्तिगत स्वार्थका खातिर चलेको आन्तरिक कलहका कारण तीन समूहमा विभाजित हुन पुग्यो र ती मध्ये दुई समूह अहिले नेकाको नेतृत्वमा गठबन्धन सरकारमा आबद्ध रहेका छन् । वर्ष दिनको अवधिभित्र एकातिर कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका भयानक अन्तर्विरोधहरूमा रूमलिएर असफल तथा असक्षम साबित भई कथित शक्ति पृथकीकरणको सिद्धान्तको धज्जी उड्न गएको छ भने अर्कोतिर अस्थिर तथा अस्तव्यस्त बन्दै गएको देशको यस प्रकारको अवस्थामा साम्राज्यवाद तथा विस्तारवादको चलखेल झनै तीव्र र सूक्ष्म रूपमा हुँदै आएको छ ।

भर्खरै राप्रपा, नेका, एमाले र माओवादी केन्द्रले आ-आफ्ना पार्टीका महाधिवेशन गरेका छन् र ती सबैले आफूलाई आन्तरिक रूपमा लोकतन्त्रवादी तथा बाह्य रूपमा देश तथा जनताको हितैषीका रूपमा प्रस्तुत गरेर आत्मप्रसंसा तथा आत्मरतिमा लीन भएका छन् भने अर्कोतिर जनतामा भ्रम छर्ने कोशिस गरेका छन् ।

राप्रपा निरंकुश पञ्चायती व्यवस्था र राजतन्त्रको लामो पृष्ठभूमि सित जोडिँदै आएको पार्टी हो । अहिलेको महाधिवेशनमा नयाँ नेतृत्व छानिएको छ र त्यसले पुराना नेताहरू भन्दा पनि अझै चर्को स्वरमा राजतन्त्र र हिन्दु धर्मको पक्षपोषण गरी सबैभन्दा पश्चगामी तथा अतीतमुखी विचार एवम् राजनीति अवलम्बन गर्न पुगेको छ । साथै, राप्रपाको एउटा गुट पुनः विभाजित भएको छ ।

नेपाली कांग्रेस पुरानो संसदवादी दल हो र त्यसले आफूलाई संसदीय लोकतन्त्रको मूल प्रतिनिधि ठान्दछ । परन्तु त्यो वैचारिक तथा राजनीतिक रूपमा पुरानै ठाउँमा छ र त्यसले आफूलाई बाह्य रूपमा पनि नयाँ जस्तो देखाउन सकेको छैन । त्यसले एकातिर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गका हक, हितको प्रतिनिधित्व र अर्कोतिर साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्दछ । त्यो यथास्थितिवादी मात्र नभई पश्चगामी शक्ति पनि हो र त्यसको गन्तव्य पनि अतीततिर नै सोझिँदै गएको छ ।

हिजोको माले-एमाले र भर्खरै डबल नेकपाबाट सर्वोच्च अदालतद्वारा पुरानै नाममा बहाल गरिएको एमालेले एकातिर बाह्यरूपमा निकै तामझामका साथ आफूलाई निकै उपल्लो तहको शक्ति देखाएर महाधिवेशन गर्‍यो भने अर्कोतिर आन्तरिक रूपमा वैचारिक तथा राजनीतिक दृष्टिले बहुलवादी

> **अहिले नेपाली राजनीतिमा मूलतः तीन धारा क्रियाशील रहेका छन् । ती हुन् पश्चगामी, यथास्थितिवादी र क्रान्तिकारी । पश्चगामी धाराको प्रतिनिधित्व राजावादीहरू र यथास्थितिवादी धाराको प्रतिनिधित्व संसदवादीहरूले गरिरहेका छन् भने क्रान्तिकारी धाराको प्रतिनिधित्व सर्वहारावादी, देशभक्त तथा वामपन्थीहरूले गर्दै आएका छन् । यद्यपि आज क्रान्तिकारी धारा कमजोर छ, तर त्यो नयाँ विचारधारा, क्रान्तिकारी ओज र उज्ज्वल भविष्यले युक्त रहेको छ ।**

संसदवादी विचारधारालाई यथावतै अवलम्बन गर्न पुग्यो । अर्को शब्दमा भन्नुपर्दा रूपमा त्यसले आफूलाई महाकम्युनिस्ट देखाउने धृष्टता गरेको छ भने सारमा कांग्रेसी संसदवादभन्दा पनि अझ पर प्रतिगामी स्वरूपको सर्वसत्तावादलाई आफ्नो गन्तव्य बनाउन र साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्न पुगेको छ ।

एमालेमा विलीन भई डबल नेकपा बनिरहने मनसुवा भए पनि अदालतद्वारा पुनर्बहाली भई पुरानै भेषमा प्रकट हुन बाध्य भएको माओवादी केन्द्र सम्मेलन गर्ने भन्दै आएकोमा अचानक महाधिवेशनमा छलाङ्ग हान्न पुग्यो । त्यसले रूपमा आत्मालोचनाको स्वाङ्ग रची नयाँ विचार र नयाँ पार्टीको कुरा गरे पनि सारमा संसदवाद, बहुलवाद, पुरानो राज्यसत्ता तथा संविधानको पक्षमा उभिई तिनको संरक्षण गर्ने थप प्रतिबद्धता जाहेर गर्न र शान्तिपूर्ण तरिकाले समाजवादमा जाने घोषित दक्षिणपन्थी संशोधनवादी विचारलाई निर्लज्ज ढंगले स्वीकार्न पुगेको छ । हिजोको एक्काइसौं शताब्दीको जनवादले नेपाली क्रान्तिलाई संसदवादको भासमा डुबायो भने अहिलेको एक्काइसौं शताब्दीको समाजवादले त्यसभन्दा पनि अझ पर सामाजिक फासीवादमा पुऱ्याउने निश्चितै देखिन्छ । यस समूहको नेतृत्वले पनि साम्राज्यवाद तथा विस्तारवादको चरम दलाली गर्दै आएको छ ।

रूपमा नयाँ जनवाद र दीर्घकालीन जनयुद्धको आकर्षक साइनबोर्ड झुण्ड्याएर सारमा पुरानो राज्यसत्ता तथा संसदवादी संविधानको मोहपासमा बल्झिएको नेकपा (मसाल) संसदवादी सरकारको गठबन्धनमा मिसिएर नेपालमा मिलेंरावादी राजनीतिको पक्षमा रहँदै आएको थियो । सरकारले एमसीसी परियोजना अनुमोदन गर्ने निर्णय गरे पछि यो समूह गठबन्धनबाट अलग्गिन पुगे पनि सरकारलाई दिएको समर्थन यथावतै रहने निर्णय गरेको छ । यसले यो समूहको अवसरवादी चरित्रलाई स्पष्ट गर्दछ ।

त्यसैगरी एकीकृत जनक्रान्तिको सिद्धान्त विकसित गरेको दाबी गर्दै आएको विप्लव नेतृत्वको नेकपाले सबै राजनीतिक समस्या संवादमार्फत् समाधान गर्ने र शान्तिपूर्ण रूपमा जाने भनी ओली सरकारसँग गत साल तीन बुँदे सम्झौता गरेको स्पष्ट नै छ । साथै, त्यस यता त्यस समूहले दलाल पुँजीवादी राज्यसत्ता सित जनमत संग्रह गरी समाजवादमा जान सकिन्छ भनेर शान्तिपूर्ण संक्रमण तथा प्रतिस्पर्धाको बाटो पकडी तीव्र वेगमा दक्षिणपन्थी संशोधनवाद तिर उन्मुख बन्दै जान खोजेको देखिन्छ ।

अहिले नेपाली राजनीतिमा मूलतः तीन धारा क्रियाशील रहेका छन् । ती हुन् पश्चगामी, यथास्थितिवादी र क्रान्तिकारी । पश्चगामी धाराको प्रतिनिधित्व राजावादीहरू र यथास्थितिवादी धाराको प्रतिनिधित्व संसदवादीहरूले गरिरहेका छन् भने क्रान्तिकारी धाराको प्रतिनिधित्व सर्वहारावादी, देशभक्त तथा वामपन्थीहरूले गर्दै आएका छन् । यद्यपि आज क्रान्तिकारी धारा कमजोर छ, तर त्यो नयाँ विचारधारा, क्रान्तिकारी ओज र उज्ज्वल भविष्यले युक्त रहेको छ । सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध हुने प्रक्रिया विकसित हुँदै गइरहेको छ । त्यस दिशामा हामीले आफ्नो पहललाई अझै प्रभावकारी ढंगले बढाउन जरूरी छ ।

अमेरिकी साम्राज्यवादद्वारा नेपालमा थोपर्ने धृष्टता गरिँदै आएको एमसीसी सम्झौता विशुद्ध आर्थिक आवरणमा पेस गरिए पनि सारमा हिन्द-प्रशान्त रणनीतिको अभिन्न अंग भएको, नेपालको कानुनभन्दा माथि रहेको, अनेकौं कडा शर्तहरू थोपरिएको तथा ती संशोधन नै नहुने भनिएको, नेपालको राष्ट्रिय हित, असंलग्न परराष्ट्र नीति, राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताका विरूद्ध भएको र अमेरिकाको नवउपनिवेशवादी नीति अनुरूप नेपाललाई सैन्य अखडामा परिणत गर्ने अति घृणित उद्देश्यमा आधारित निकै खतरनाक एवम् हानिकारक रहेको छ ।

त्यसका विरूद्ध वामपन्थी शक्ति तथा अन्य देशभक्त जनताद्वारा निरन्तर संघर्ष संचालन गरिएको र कतिपय देशभक्त सांसदहरूद्वारा समेत सशक्त आवाज उठाइएको भए पनि त्यस प्रकारको जनअभिमतको घोर अवज्ञा गरी नेकाको नेतृत्वमा रहेको गठबन्धन सरकार तथा त्यसमा आवद्ध माओवादी केन्द्र एवम् एकीकृत समाजवादीले कथित 'व्याख्यात्मक घोषणा'को भ्रमजाल खडा गरी संसदको कथित बहुमतको नौटंकी रचेर अनुमोदन गरे । यसमा सारतः एमालेको पनि समर्थन रह्यो । यस स्थितिमा क्रान्तिकारी कम्युनिष्टहरूले यस सम्झौतालाई अनुमोदन गर्ने दलालहरूको सशक्त विरोध तथा भण्डाफोर गर्दै देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकताको पक्ष र राष्ट्रघाती सम्झौताको खारेजीका लागि संघर्षलाई निरन्तर अगाडि बढाउँदै जानु पर्दछ ।

आज भारतीय विस्तारवादले कालापानीलगायतका क्षेत्रमा निर्लज्ज अतिक्रमण गरेको छ भने अमेरिकी साम्राज्यवादले नेपालमा एमसीसी परियोजना थोपरेको छ । प्रतिक्रियावादी र संशोधनवादी शासकहरू यस प्रकारको हस्तक्षेपको विरोध गर्नुको साटो एकले अर्कोसँग साम्राज्यवाद तथा विस्तारवादको दलाली गर्न खुला प्रतिस्पर्धामा उत्रिएका छन् । यस स्थितिमा राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा परेको छ भने जनतन्त्र र जनजीविकाका समस्या पनि निकै भयावह तथा विकराल बन्दै गएका छन् । महँगी आकाशिँदै गएको छ र विशेषतः श्रमजीवी तथा विपन्न वर्गका जनताका रोजीरोटीका समस्या गम्भीर बनेका छन् । वर्तमान सत्ता, व्यवस्था तथा सरकार विविध प्रकारका राजनीतिक तथा आर्थिक संकटको भुमरीमा फस्दै गएको छ । अर्कोतिर, युक्रेन युद्धपछि विश्व तीव्र गतिमा ध्रुवीकृत हुँदै गएको छ र नयाँ-नयाँ समीकरणहरू बन्न थालेका छन् । उपरोक्त तथ्यहरूले आन्दोलनको उठान तथा विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा अनुकूलता थप हुँदै गएको कुरालाई प्रस्ट गर्दछन् ।

तसर्थ, यो बेला क्रान्तिकारी कम्युनिष्टहरूले तात्कालिक रूपमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर एकल तथा संयुक्त रूपमा संघर्षलाई विकसित तुल्याउँदै जानु पर्दछ भने दीर्घकालीन रूपमा वर्तमान सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनार्थ क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।

***(गत फागुन २५–२९मा बसेको नेकपा (क्रान्तिकारी माआवादी)को केन्द्रीय समिति बैठकमा पार्टी महासचिव मोहन वैद्यले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनको सार अंश)***

## सामाजिक सञ्जाल




**- टेकनरायण दयालु**

पेट्रोल, ग्यास, भाडा, अन्नपातको भाउ बढाएर अर्थतन्त्र टाट पल्टाउन कुनै कसर बाँकी राखेनन् अनि भन्छन्– यो मुलुकलाई प्रतिगमनको खतराबाट जोगाउन गरिएको काम हो । उपभोक्ताले किन्न पाउने अधिकार मिचेर बिलासिताका वस्तु आयात गर्न रोक्नु अर्थतन्त्र अब श्रीलंकाको नजिकै पुग्यो है भन्ने सुचक हो ।



**- शैलेन्द्र खत्री**

गाडी आयात रोक्नु मात्रै उचित निर्णय होइन । दुई दिन सार्वजनिक विदा दिएर पेट्रोलियम पदार्थको आयात कम गरौं, उत्पादनमा ध्यान दिई मन्त्री कर्मचारीहरूको फजुल खर्च केही महिनाको लागि कटौती गरि देशको आर्थिक अवस्था सुधार उन्मुख बनाऔं, संघीयता तत्काल खारेज गरौं । आयात र रेमिट्यान्समा सन्तुलन मिलाउ ।



**- पवन पौडेल**

सबैभन्दा धेरै विदेशी मुद्रा महँगिदै गरेको पेट्रोलियम आयातमा खर्च भैरहेको छ । यस्तोमा विद्युतीय साधनको खरिदमा कर छुट दिने र पेट्रोलियम प्रयोग हुनेमा कर बढाउने गर्नु जरूरी छ । विद्युतीय उर्जाको अधिकतम उपयोग गरेर पैसा विदेश पठाउन रोक्ने नीति बनाउन नीति निर्माता लागि हाल्नुपर्छ ।



**- यमराज डाँगी**

